# विद्युत नियमन आयोग

(नेपाल सरकार विद्युत क्षेत्रको नियमक निकाय)

पत्र संख्या : २०७९/०८०
चलानी नं. : ४७०

मिति २०७९।११।२६

श्री अपि पावर कम्पनी लिमिटेड
काठमाण्डौं ।

**विषय : हकप्रद शेयर निष्काशन गर्न सहमति प्रदान गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँ लिमिटेडले हकप्रद शेयरको सार्वजनिक निष्काशन गर्न पूर्व स्वीकृतिका लागि मिति २०७९।११।१७ मा पेश गरेको निवेदन सम्बन्धमा ७.५ प्रतिशत बोनस शेयर वितरण पश्चात कायम हुने चुक्ता पुँजी रु ४१३.३२ करोडको एक बराबर ०.४० प्रतिशतले हुने रु १६५.३२ करोड बराबरको रु १००। अंकित दरका १,६५,३३,१३७ कित्ता हकप्रद शेयर निष्काशन गर्न विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४५ बमोजिम तपसिलका शर्तहरु पालना गर्ने गरी सहमति प्रदान गरिएको व्यहोरा मिति २०७९।११।२६ को १८८ औं बैठकको निर्णयानुसार अनुरोध छ ।

शर्तहरु

१. प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ ।
२. प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनु पर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।
३. कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।
४. तहाँ अन्तर्गतका शेयरधनीहरु मध्ये कुनै शेयरधनी विद्युत सम्बन्धी आयोजना बनाई नेप्सेमा सुचिकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्व स्वीकृति लिनुपर्नेछ ।
५. आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय-समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ ।

**बोधार्थ :**

श्री धितोपत्र बोर्ड नेपाल, खुमलटार, ललितपुर

(सावित्रा पाण्डे)
शाखा अधिकृत

विद्युत नियमन आयोग
सानो गौचरण, काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np । वेबसाइट: www.erc.gov.np
फोन नं: +९७७-१-४४२२४४२, ४४३९००४, ४४४३३९० । फ्याक्स: +९७७-१-४४३२५८२